स्थानीय सरकार

# तारकेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दाङसिङ, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं.:२०८३/८४

च.नं.:

## सूचना

**(प्रकाशित मितिः२०८३/०६/०५)**

**विषयः बाढी प्रभावित परिवारलाई क्षतिपुर्ति स्वरुप आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा**

मिति २०८३ भदौ १० गते भोटेकोशी नदी हुँदै त्रिशुली नदीमा आएको भीषण बाढीका कारण जनधनको ठूलो क्षति हुन पुगेको व्यहोरा सर्वविदितै छ। यस प्राकृतिक विपद्का कारण घरबारविहीन भएका, पूर्ण वा आंशिक रूपमा घर क्षति भएका यस तारकेश्वर गाउँपालिकाका स्थायी बसोबास गर्ने परिवारहरूलाई क्षतिपूर्ति स्वरुप आर्थिक सहयोग उपलब्ध गराउन यो सूचना प्रकाशित गरिएको छ।

तसर्थ, तारकेश्वर गाउँपालिका, नुवाकोटमा स्थायी ठेगाना भई यसै गाउँपालिका क्षेत्रभित्र वा अन्यत्र (माथि उल्लिखित बाढीबाट प्रभावित क्षेत्रमा) बसोबास गरेका परिवारहरुलाई यो सूचना प्रकाशित भएको मितिले ५(पाँच) दिनभित्र (मिति २०८३/०६/०९ गते कार्यालय समयभित्र) तोकिएका कागजातहरू र क्षतिको विवरण सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गराउनुहुन अनुरोध गरिन्छ।

आवेदन दर्ता गराउन आवश्यक योग्यताः

- तारकेश्वर गाउँपालिका, नुवाकोटमा स्थायी ठेगाना भएको हुनुपर्ने।
- यसै पालिकाभित्र वा अन्य बाढी प्रभावित क्षेत्रमा बसोबास गरेको हुनुपर्ने।
- माथि उल्लिखित बाढीका कारण घर पूर्ण वा आंशिक रूपमा क्षति भई बसोबास गर्न नसकिने भएको हुनुपर्ने।

**निवेदन दिने स्थानः** सम्बन्धित वडा कार्यालय

**निवेदन दर्ता गराउने अन्तिम मितिः** २०८३/०६/०९ (कार्यालय समयभित्र)

आवश्यक कागजातहरूः

१. पूर्ण वा आंशिक रूपमा निजि आवासमा भएका क्षतिको सम्बन्धित निकाय बाट प्रमाणित विवरण
२. परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र)।
३. बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण वा चेकको प्रतिलिपि।
४. परिवारका सबै सदस्यहरूको नाम, थर, उमेर, लिङ्ग, नाता र कैफियत सहितको विवरण।
५. घरमूली उपस्थित हुन नसकेको अवस्थामा संरक्षक/अधिकार प्राप्त व्यक्तिको विवरण र मञ्जुरीनामा।
६. अन्य आवश्यक कागजात (सम्बन्धित वडा कार्यालयबाट माग भएमा)।

प्रमुख प्रशासकीय अ



CamScanner